जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ७४ २०७७ साल असोज २८ गते बुधबार (14 Oct. 2020 Wednesday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिवाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : नसर्ने रोगको अवस्था ... ३ पृष्ठमा : कोरोनामा आयुर्वेदिक ... ३ पृष्ठमा : भारतमा दैनिक ...

# मुलुक र जनताको समस्या समाधानका लागि बृहत एकता : जसपा नेता महतो




**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**

जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र महतोले मुलुकमा तेश्रो विकल्पको रुपमा राजनीतिक पार्टीको आवश्यकता रहेको भन्दै आफूहरु सोका लागि बृहत एकता गरेको बताएका छन् ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ५ बनरझुलामा मंगलबार पार्टीका नेता स्व. धर्मनारायण रायको श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

मुलुकका दुई ठूला राजनीतिक पार्टीको कार्यशैलीलाई जनताले हेरिसकेको र तिनीहरुबाट मुलुकको समस्या समाधान नभएको टिप्पणी गर्दै उनले मुलुक र जनताको समस्या समाधानको लागि आफूहरु बृहत एकताका साथ अघि बढेको प्रष्ट पारे ।

काँग्रेस र कम्युनिष्टका सरकारलाई जनताले पटक पटक हेरिसके बताउँदै नेता महतोले जनताको अपेक्षा अनुसार काम हुन नसकेका कारण अहिले विकल्पको रुपमा तेश्रो राजनीतिक पार्टी आवश्यकता भएको दाबी गरे ।

उनले संविधान संशोधन नगरिकन सर्वस्वीकार्य हुन नसक्ने ठोकुवाका गर्दै उनले आफूहरु त्यसैका लागि संघर्षरत रहेको प्रष्ट समेत पारे । संविधान सबैको सर्वस्वीकार्य बन्नलाई जनताको समस्या पहिले समाधान हुनु जरुरी रहेको भन्दै उनले आफूहरु मधेशदेखी पहाडसम्मका सिमान्कृत जनताको आवाज मुखरित हुने गरि संविधान संशोधनमा डटेर लाग्ने प्रतिबद्धता जनाए ।

जसपाका स्थानिय नेता जागेश्वर रायको अध्यक्षतामा आयोजित श्रद्धाञ्जली सभालाई जसपाका अर्का नेता अनिल झा, प्रदेश २ का सामाजिक विकास

***बाँकी तीन पृष्ठमा***

# कोरोनाबाट जनप्रतिनिधीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**

कोरोना संक्रमणबाट आईतवार राती एक जनप्रतिनिधीको मृत्यु भएको छ ।

सप्तरीको तिरहुत गाँउपालिका वडा नं. ३ का वडा सदस्य ४५ वर्षिय देवनारायण मण्डलको चितवनस्थित भरतपुर क्यान्सर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

उनको शव गृह जिल्लामा ल्याई सोमवार विहान सप्तकोशी नदी किनारमा व्यवस्थापन गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

ब्लड क्यासन्सर रोगले पीडित भई उपचारका लागी भरतपुर क्यान्सर अस्पताल पुऱ्याइएका उनको स्वाव परिक्षण गर्दा कोरोना संक्रमण समेत पुष्टी भएको थियो । आईशोलेशनमा राखी उपचार भइरहेका बेला उनको मृत्यु भएको हो ।

नेपाली काँग्रेसको तर्फबाट वडा सदस्यमा निर्वाचित मण्डलको निधनको खबरले आफुहरु स्तब्ध र मर्महत भएको सोमवार नेपाली काँग्रेस सप्तरीका सभापती दिनेश कुमार यादवद्वारा जारी शोक विज्ञप्तीमा उल्लेख गरिएको छ ।

उनको निधनले पार्टीलाई अपुर्णिय क्षती भएको उल्लेख गर्दै विज्ञप्ती मार्फत हार्दिक समवेदना तथा शोक सन्तप्त परिवारलाई धैर्य धारणा गर्ने शक्ती मिलोस् भनि कामना ब्यक्त गरिएको छ । यो संगै सप्तरीमा कोरोनाबाट ज्यान गुमानउनेको संख्या २१ पुगेको छ ।

# केन्द्र सरकारले स्वास्थ्य क्षेत्रमा स्वायत्त दिएको छैन : प्रदेश मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले केन्द्र सरकारले स्वास्थ्य क्षेत्रमा पनि प्रदेशलाई पूर्ण स्वायत्त नराखेको कारण बजेटको समस्या भएको आरोप लगाएका छन् ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीद्वारा मंगलबार आयोजित दुई दिने वार्षिक समिक्षा गोष्ठिको उद्घाटन गर्दै उनले संघीय सरकारकै कारण प्रदेशको नीति निर्माणमा समेत प्रभाव पारेको बताए ।

विश्वमा संघीयता भएका मुलुकले स्वास्थ्य क्षेत्रलाई प्रदेश मातहत स्वायत छोडेको भएपनि नेपालमा अझैं त्यस्तो नभएको भन्दै उनले असन्तुष्टि व्यक्त गरे ।

केन्द्रले दिने सीमित बजेटले मात्र नपुग्ने भन्दै उनले प्रदेश सरकारले क्षमताले भ्याएसम्म स्वास्थ्य क्षेत्रमा कामगरिरहेको र यस क्रममा प्रदेशमा रहेका केन्द्र मातहतका स्वास्थ्य संस्थाहरुलाई समेत सहयोग गरिरहेको उनले बताए ।

सबै प्रदेशलाई बराबर बजेट बाडेर जनसंख्याको अनुपातलाई उपेक्षा गरिएको भन्दै उनले यसले सिधा प्रभाव प्रदेश २ मा परेको जिकिर गरे । उनले विगतमा पंचायति व्यवस्था तथा संसदीय व्यवस्थाकालमा मधेशका जनतासँग गरिएको विभेद अहिले संघीय व्यवस्थामा समेत कायमै रहनु दुःखद भएको भन्दै आफूहरु अहिले पनि संघर्षमै रहेको बताए ।

सीमित साधान श्रोत र कोरोना जोखिमका बाबजुद यहाँका स्वास्थ्यकर्मीहरुले देखाएको सक्रियता प्रसंशनीय रहेको भन्दै मन्त्री साहले स्वास्थ्यकर्मीहरु प्रति धन्यवाद समेत व्यक्त गरेका थिए ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले स्वास्थ्यसेवा प्रदान गर्ने क्रममा भइरहेको समस्या, उपकरणहरुको अभावसहित आर्थिक वर्ष २०७६/७७ मा गरिएको स्वास्थ्य गतिविधि तथा भावी कार्यक्रम बारे जानकारी गराएका थिए ।

दुई दिनसम्म चल्ने कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय मातहतका १८ वटै स्थानिय तहमा कार्यरत स्वास्थ्यकर्मी र सरोकारवालाको सहभागिता रहेको छ ।

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।

खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।

फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।

जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।

पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय ....

# महामारीलाई ख्याल गर्दै चाडपर्व मनाऔं

हिन्दुहरुको महान पर्व वडा दशैं आउन केही दिन मात्र छ। दशैं आउन थोरै दिन मात्र बाँकी रहँदा बजारमा चहलपहल भने शुन्य बराबरको छ । कोरोना महामारीका कारण गत चैतबाट मुलुकनै लकडाउन भएपछि साउन ७ गतेबाट सरकार लकडाउन समाप्त भएको घोषणा गरेको थियो। तर, बन्दाबन्दी भएको झण्डै ६ महिनाको अवधीमा सम्पूर्ण व्यवसायी, कारखाना, यातायात लगायतका अन्य क्षेत्र ठप्प रहेको थियो । यस्तो अवस्थामा चाडपर्व हर्षोल्साका साथ मनाउनु भनेको रोगलाई निमन्त्रण दिनु जस्तै हो। त्यसमा पनि अहिले नेपाल कोरोनाको उच्च जोखिम रहेको छ। दैनिकी रुपमा हजार भन्दा बढीको संख्यामा कोरोना संक्रमितहरु भेटिदै गएको छ । अधिकांश निजि स्तरका व्यापार, व्यवसायी चौपट छ। हजारौं बेरोजगार भएका छन् । विद्यालयहरु संचालन हुने विषय अहिले पनि अन्यौलमै रहेको छ ।

लामो समयदेखी उद्योग, व्यापार, व्यवसायी लगायत निजि क्षेत्रका कामधन्दा बन्द रहेकोले चाडपर्वमा रौनक नआएको हो । कुनै पनि पर्व मनाउन मानिसहरुको आर्थिक अवस्था बलियो हुनुपर्छ। तर, अहिलेको अवस्थामा मानिसहरुको आर्थिक अवस्था निकै कमजोर भएको छ भने अर्कोतिर सार्वजनिक रुपमा चाडपर्व मनाउने वातावरण समेत छैन् ।

महामारी समुदाय स्तरमा फैलिसकेको अवस्थामा यसप्रति हामी सबै सचेत हुनुपर्ने बेला भएको छ। कुनै पनि सार्वजनिक, धार्मिक, गोष्ठि लगायत अन्य कार्यक्रम सक्दो जाने प्रयास नगरौं । गएपनि सरकारी मापदण्डको पालना गरौं । तसर्थ कोरोना महामारीको बीच आर्थिक संकट भएको बेला पर्वलाई औपचारिकता मात्र पुरा गरेर सुरक्षित तरिकाले घरमै मनाउन सके यस महामारीबाट जोगिन सक्छौं ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नसर्ने रोगको अवस्था भयावह

काठमाडौँ, २७ असोज (रासस)।

नेपालमा नसर्ने रोगको अवस्था भयावह बन्दै गएको विज्ञहरूको निष्कर्ष छ । गैरआवासीय नेपाली सङ्घ ( एनआरएनए) ले आयोजना गरेको दोस्रो विश्व ज्ञान सम्मेलनका अवसरमा आयोजित 'लाइफ एण्ड हेल्थ साइन्स' विषयक कार्यक्रममा विज्ञहरूको छलफलबाट नेपालमा नसर्ने रोगको अवस्था निकै चुनौतीपूर्ण रहेको निष्कर्ष निक्लिएको छ ।

कार्यक्रममा डा अभिनभ वैद्यले मधुमेह, मुटुरोग, उच्च रक्तचाप, क्यान्सर, हृदयाघात, मष्तिस्कघात, अम्लपित्त, मिर्गौला खराबी, दम, माइग्रेन, डिप्रशन, मोटोपना आदी नसर्ने रोगहरूले नेपालमा भयावह अवस्था लिँदै गएको उल्लेख गर्नुभयो। यी रोगबाट ४० वर्षभन्दा मुनि उमेरका युवावर्ग बढी प्रभावित भएको बताउँदै उहाँले यी रोगबाट बच्न सोच्नुपर्ने बेला आएको उल्लेख गर्नुभयो। चालिस वर्षभन्दा कम उमेरका ३७ दशमलव ९ प्रतिशत युवा नसर्ने रोगबाट नप्रभावित बनेको डा अभिनभ वैधले जानकारी दिनुभयो ।

डा सरोज निरौलाले विश्वमा वार्षिक १० लाख मानिसले क्यान्सरका कारण ज्यान गुमाउने गरेको बताउनुभयो। क्यान्सरबाट ज्यान गुमाउनेमा ७० प्रतिशत निम्न तथा मध्यम आय भएका मुलुकका मानिस रहेको उहाँले उल्लेख गर्नुभयो। नेपालमा पनि क्यान्सरका रोगी बढ्दै गएको बताउँदै उहाँले नसर्ने रोग क्यान्सरबाट बचाउन जीवनशैली तथा खानपानमा ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो । धुलोधुँवा, विकिरण रसायनको प्रयोग, विषाक्त खानेकुराले क्यान्सरको जोखिम बढेको बताउँदै स्वस्थ जीवनशैली नै क्यान्सरसँग लड्ने पहिलो आधार भएको उहाँले उल्लेख गर्नुभयो ।

मानसिक स्वास्थ्यको विषय महामारीभन्दा अगाडिदेखि नै उठेको बताउँदै उहाँले कोरोना महामारीका कारण थप यसको जटिलता बढेको उल्लेख गर्नुभयो । उहाँले नेपालले कोरोना महामारीका कारण रोजगारी गुमाउदा, लामो समयसम्मको बेरोजरीका कारण कमजोर आर्थिक अवस्था तथा अभावका कारण अधिकांशको मानसिक स्वास्थ्यमा असर परेको बताउनुभयो । मानसिक समस्याकै कारण मानिस आत्महत्या गर्ने अवस्थासम्म पुग्ने गरेको बताउँदै उहाँले पुरुषको तुलनामा ठूलो सङ्ख्यामा महिलाले आत्महत्या गर्ने उल्लेख गर्नुभयो।

उहाँका अनुसार पैंतालीस प्रतिशतसम्म महिलाले आत्महत्या गर्ने प्रवृत्ति देखिएको छ। मानसिक समस्याबाट बच्नका लागि सकारात्मक सोच, स्वस्थ जीवनशैलीमा ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

कार्यक्रममा डा कृष्णबहादुर थापाले बालबालिकामा जन्मजात देखिने डिस्लेक्सियाको प्रभाव बढ्दै गएको बताउनुभयो। विश्वमा विद्यालय जाने अवस्थाका तीन देखि १९ प्रतिशत बालबालिकामा यस्तो समस्या रहने अध्ययनले देखाएको बताउँदै नेपालको सन्दर्भमा पनि बालबालिकामा यस्तो समस्या बढ्दै गएको उहाँले जानकारी दिनुभयो। सचेतनाको अभावले नेपालमा यस्तो रोग लागेका बच्चाका लागि छुट्टै शिक्षा प्रणालीको व्यवस्था गर्न नसकिएको उहाँको भनाइ थियो।

"डिस्लेक्सिया भएका बच्चा अरु सामान्य बच्चाभन्दा फरक हुन्छन्। उनीहरू शुद्ध उच्चारण गर्न नसक्ने तथा एकदमै ढिला अध्ययन गर्ने हुन्छन्। दायाँबायाँ टचाउन नसक्ने हुँदा उनीहरू स्मल बी र डीलाई एउटै देख्छन्। जसले पनि अध्ययनमा अप्ठ्यारो हुन्छ", उहाँले भन्नुभयो। यस्ता बालबालिकाको अवस्था अनुसार पेडागोजी तयार गरी सोहीअनुसार डिस्लेक्सिया भएका बालबालिकालाई सिकाइ प्रणाली लागू गर्न राज्यले पनि ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रा डा अञ्जना सिंहले नेपालमा डेङ्गु भाइरसको प्रभावका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। डेङ्गु एडिस जातिका (एजिप्टाइ र अल्बोपिक्टस) पोथी लामखुट्टेको टोकाइबाट लाग्ने उहाँले बताउनुभयो। नेपालमा २००४ सालमा डेङ्गु देखिएको बताउँदै उहाँले नेपालमा डेङ्गु सङ्क्रमण बढ्दै गएको उल्लेख गर्नुभयो। "डेङ्गु एउटा मानिसबाट अर्को मानिसमा सर्दैन र यो तब मात्र सर्छ जब एउटा लामखुट्टेली सङ्क्रमित मानिसलाई टोक्छ र त्यो लामखुट्टेमा भाइरस विकास भएर त्यो लामखुट्टेले अर्को स्वस्थ मासिलाई टोक्छ'', उहाँले भन्नुभयो।

पूर्व स्वास्थ्य सचिव डा सुधा शर्माले एनआरएनएले यो महामारीको समयमा आयोजना गरेको लाइफ एण्ड हेल्थ साइन्स विषयक कार्यक्रम निकै महत्वपूर्ण भएको बताउनुभयो। उहाँले नेपालमा अर्टिजम डिस्लेक्सियालगायत मानसिक रोग, मुटु रोग, क्यान्सर, डेङ्गुलगायत नसर्ने रोगको जोखिम बढ्दै गएको बताउँदै न्यूनीकरणका लागि राज्यसँग सम्पूर्ण सरोकारवालाको सहकार्य आवश्यकता भएको औँल्याउनुभयो। डा कृष्ण काफ्लेले नेपालको मध्यपहाड मानव, वन्यजन्तुबीचको द्वन्द्व क्षेत्रदेखि जुनोटिक रोगहरूको उच्च जोखिम क्षेत्र बन्दासम्मको परिवर्तन विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

# प्रदेश नं २ का छोरीको घरमा निःशुल्क इन्टरनेट सेवा जडानको तयारी

धनुषा, २७ असोज (रासस)।

प्रदेश नं २ सरकारको 'बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत बीमा गराएका २७ हजार छोरीको घरमा निःशुल्क इन्टरनेट सेवा जडान गर्ने तयारी थालिएको छ। छोरी शिक्षा बीमा गराएका २६ हजार ९५६ छोरीको घरमा निःशुल्क इन्टरनेट जडानको तयारी गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

प्रदेश सरकारको 'बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमअन्तर्गत सञ्चालित छोरी शिक्षा बीमा कार्यक्रममा २ माघ २०७६ यता बीमा गराएका छोरीको घरमा इन्टरनेट जडान गर्न लागिएको अभियानकी संयोजक प्रियङ्का यादवले जानकारी दिनुभयो। गत माघ २ गतेखि प्रदेश नं २ का १३६ वटै पालिकामा छोरी शिक्षा बीमाको शिविर सञ्चालन गरिएको थियो। संयोजक यादवले अहिले छोरी बीमा गराएका घरमा इन्टरनेट जडान गर्न मोबाइल नम्बर सङ्कलन गर्ने काम भइरहेको बताउनुभयो।

उहाँले महोत्तरीको लोहारपट्टि नगरपालिकाको छोरी शिक्षा बीमासम्बन्धी सम्पूर्ण कागजात तयार रहेकाले यस नगरपालिकाबाट छोरीको घरमा निःशुल्क इन्टरनेट सेवा जडान गर्ने तयारी भएको बताउनुभयो। प्रदेशका सबै १३६ पालिकाले छोरी बीमाको कागजात तयार गरेर मुख्यमन्त्री कार्यालयमा बुझाएपछि ती सबै पालिकाका छोरीको घरमा पालैपालै इन्टरनेट जडान गरिने कार्यालयले जनाएको छ।

सुविसु इन्टरनेट कम्पनीले बीमा भएका ती छोरीको घरमा इन्टरनेट सेवा जडान गर्ने मुख्यमन्त्री कार्यालयले जनाएको छ। महिला हिंसा न्यूनीकरण तथा छोरीको राम्रो शिक्षादीक्षाका लागि सञ्चालन गरिएको प्रदेश नं २ मा 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानअन्तर्गत छोरी शिक्षा बीमा कार्यक्रम सञ्चालनमा छ। जसमा छोरी जन्मिने बित्तिकै प्रदेश सरकारले रु ३७ हजार तिरेर रु तीन लाखको बीमा गरिदिने व्यवस्था गरिएको छ। उक्त बीमाको रकम छोरीले २० वर्षपछि पाउनेछन्। शुरुमा २०७५ मा योजना एकजना छोरीलाई १३ हजार ६४६ रुपैयाँ १५ पैसा तिरेर रु एक लाखको बीमा प्रदेश सरकारले गर्ने गरेको थियो।

मुख्यमन्त्री कार्यालयसँग माघयता २६ हजार ९५६ छोरीको बीमा गरिएको तथ्याङ्क छ भने प्रभु बैंकसँग २८ हजार ४५७ छोरीको बीमाको तथ्याङ्क रहेको मुख्यमन्त्री कार्यालयले जनाएको छ। प्रदेश सरकारले छोरी शिक्षा बीमा गर्न दुई वर्ष अर्थात् असार २०७६ सम्मका लागि प्रभु बैंकसँग सम्झौता गरेको थियो। जसमा २ माघ २०७६ देखि छोरीको बीमा गराउनेको घरमा निःशुल्क इन्टरनेट जडान गर्ने पनि सम्झौता गरिएको थियो।

प्रभु बैंकसँगको सम्झौताका मिति सकिएकाले पुनः अर्को सम्झौताका लागि टेन्डर आह्वान गर्न असोज २१ गते बेटी पढाऊ, बेटी बचाऊ निर्देशक समितिको बैठक बसेको थियो। मुख्यमन्त्री लालबाबु राउतको संयोजकत्वमा रहेको १३ सदस्य समितिको बैठकले पुनः छोरी शिक्षा बीमा शुरु गर्ने, प्रभावकारी ढङ्गले अगाडि बढाउने, इन्टरनेट जडान गर्ने लगायतका विषयमा छलफल तथा निर्णय भएको अभियानकी संयोजक यादवले जानकारी दिनुभयो।

अब अर्को बैंकसँग छोरी शिक्षा बीमासम्बन्धी सम्झौता भएपछि बीमा कार्यक्रम शुरु हुने मुख्यमन्त्री कार्यालयले जनाएको छ।

# त्रिविद्वारा शिक्षकलाई आन्दोलनका कार्यक्रम फिर्ता लिन आग्रह

काठमाडौँ, २७ असोज (रासस)।

त्रिभुवन विश्वविद्यालय ( त्रिवि)ले आफ्ना शिक्षकलाई आन्दोलनका कार्यक्रम फिर्ता लिई वार्ताबाट सामाधान खोज्न आग्रह गरेको छ। त्रिविले सूचना जारी गर्दै आन्दोलनका सबै कार्यक्रम फिर्ता लिई वार्ताको माध्यमबाट समस्याको समाधान खोज्न आग्रह गरेको हो। "आंशिक शिक्षकले राखेका विषयमा वार्ता र छलफलको माध्यमबाट निकास निकाल्न सकिने विषयमा विश्वविद्यालय विश्वस्त रहेको छ", सूचनामा भनिएको छ।

त्रिविले लामो समयदेखि रहेको आंशिक शिक्षकको समस्यालाई दीर्घकालीन रुपमा व्यवस्थापन गर्नका लागि विश्वविद्यालयले जारी गरेको अतिरिक्त कक्षा व्यवस्थापन निर्देशिका, विसं २०७७ ल्याइएको र सोही निर्देशिकाअनुसार नै शिक्षकका माग पूरा हुने त्रिविले जारी गरेको सूचनामा उल्लेख छ। त्रिविका आंशिक शिक्षकले निर्देशिकाका सम्बन्धमा केही माग राखी आन्दोलनरत छन्।

## *मुलुक र जनताको ...*

मन्त्री नवलकिशोर साह, केशव झा, मृगेन्द्र कुमार सिंह यादव, मनिष कुमार सुमन, सूर्यनाथ यादव, शम्भु झा, सतिश सिंह, दयानन्द गोइतले पनि सम्बोधन गरेका थिए।

सभामा संघीय सांसद चन्द्रकान्त चौधरीका साथै, गजेन्द्र कुमार मण्डल, दिपेन्द्र चौधरी, डा. टेक नारायण मण्डल, अमरनाथ मण्डल, मिभराज यादव लगायत जसपका नेताका साथै ठूलो संख्यामा सर्वसाधारण सहभागि रहेका थिए।

# आकस्मिकबाहेक सबै सेवा बन्द

**दैनिक समाचारदाता**
**सिरहा, २७ असोज ।**

एक चिकित्सकमा कोरोना सङ्क्रमण पुष्टि भएपछि सिरहाको लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालको आकस्मिकबाहेक सबै सेवा बन्द गरिएको छ।

अस्पताल प्रशासनले सूचना प्रकाशित गरी आकस्मिक सेवा १२ घण्टाका लागि र आकस्मिकबाहेकका सबै सेवा अर्को सूचना नआएसम्मका लागि बन्द गरिएको जनाएको छ।

अस्पतालको आकस्मिक सेवा निर्मलीकरण गरेर सेवा सञ्चालन गरिने सूचनामा उल्लेख छ। अस्पतालका अन्य केही कर्मचारीमा समेत कोरोना सङ्क्रमणको लक्षण देखिएकाले पिसीआर रिपोर्ट नआएसम्म अस्पतालका आकस्मिक सेवाबाहेक अन्य सेवा अर्को सूचना नआएसम्म बन्द रहने अस्पतालका प्रमुख सुनिलप्रसाद कुशवाहाले जानकारी दिएका छन्।

# कोरोनामा आयुर्वेदिक औषधिको माग बढ्दो

काठमाडौँ, २७ असोज (रासस)।

उपत्यकामा कोरोना भाइरसको सङ्क्रमण बढिरहेका बेला मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढाउने आयुर्वेदिक औषधिको माग बढ्न थालेको छ।

सिंहदरबार वैद्यखाना विकास समितिका प्रबन्ध निर्देशक डा वंशदीप शर्मा खरेल आयुर्वेदमा रोग प्रतिरोधी क्षमता विकास गर्ने वनस्पति भनी व्याख्या गरिएका संस्कृत भाषामा अमृता भनिने गुर्जोबाट बनेको गुडुचो चिया स्क्वास, तुलसी चिया, जेठीमधु चूर्ण, शुद्ध अमलाबाट बनाएका आमालकी चूर्ण, रस्वगन्धा चूर्ण लगायत जडीबुटीबाट बनेका उत्पादनको माग विगत वर्षभन्दा चार गुणसम्म बढेको बताउनुहुन्छ।

"विसं २०७६ चैतअघि तुलसी चियाको खपत वार्षिकरुपमा सरदर सात हजार २३१ पोका हुन्थ्यो, यस वर्ष सात महिनामै १३ हजार ६५७ पोका बिक्री भइसकेको छ, माग बढिरहेकाले अरु बनिरहेको छ, यसवर्ष पहिलोपटक बनाइएको गुर्जोको चिया गुडुची सात हजार ३४७ पोका बजारमा गइसकेको छ", उहाँले भन्नुभयो।

समितिबाट गत वर्ष अश्वगन्धा ८१८ पोकामात्र बिक्री भएको थियो। यस वर्ष छ हजार ३८८ पोका गइसकेको छ। यसैगरी यस वर्ष माग भएर नयाँ बनाइएको ज्येष्ठवासादि चूर्ण चार हजार २०२ पोका बिक्री भइसकेको छ। गत वर्ष भण्डार रहेको बिक्री भइरहेको जेठीमधु चूर्ण पनि यस वर्ष दुई हजार २७१ पोका बिक्री भइसकेको छ। कात्तिक लागेसँगै समितिले रोग प्रतिरोधी क्षमता बढाउने च्यवनप्रास पनि बनाउने तयारी गरेको छ।

मागअनुसार पूर्ति गर्न धौधौ भए पनि अहिलेसम्म समितिले बजारमा आवश्यकताअनुसार पूरा गर्न सफल भएको छ। कोरोना भाइरसको फैलावटसँगै गुर्जोका बिरुवा लगाउने बढे पनि अमलालाई भने बिर्सन थालिएकाले यसतर्फ पनि अभियानकर्मीको ध्यान जानुपर्ने प्रबन्ध निर्देशक खरेल बताउनुहुन्छ।

"गुर्जोसँगै अमला पनि लगाउनुपर्छ, अमलालाई बिर्सनुभएन, गुर्जोसँगै अमला पनि आम्दानीको स्रोत बन्छ, अमला र गुर्जो पनि भयो भने रोग प्रतिरोधी क्षमता बढाउँछ, गुर्जो जुन बिरुवामा जान्छ, त्यसैको गुण लिने भएकाले गुर्जो र अमलासँगै लगाउनुपर्छ", उहाँले भन्नुभयो।

उपत्यकामा वाग्मतीलगायत नदी किनार, गोकर्ण लगायत स्थानमा धेरै सङ्ख्यामा गुर्जो रोपिए पनि अमला नरोपिनु उत्पादनका दृष्टिले समेत ठीक हुँदैन। व्यावसायिक रुपमा अमला खेती गरे समितिले सबै किनिदिने प्रतिबद्धता जनाएको छ। समितिले गुर्जोको चिया कोभिडपछि बनाएको हो। विगत वर्षमा अमलाबाट बनेका परिकारको माग पनि कम थियो। गुर्जो, अमलालगायत जडीबुटीबाट बनेका परिकार अनुसन्धानबाट प्रमाणित नभएसम्म कोरोनाकै औषधि भन्न नसकिए पनि रोग प्रतिरोधी क्षमता बढाउने उत्पादनका रुपमा उपयोग गर्नेको सङ्ख्या बढ्न थालेको छ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले जडीबुटीबाट बनेका विभिन्न परिकारले कोरोना नियन्त्रणमा कति सहयोग पुऱ्याउँछ भनी अनुसन्धान शुरु गरेको छ। परिषद्का प्रवक्ता मेघनाथ धिमाल अनुसन्धानका लागि तालीम सकी अरु काम अघि बढेको बताउनुहुन्छ।

**आयुर्वेद केन्द्रमा राखिएका सबै सङ्क्रमित ठीक**

राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र कीर्तिपुरमा आइसोलेसनमा राखिएका करिब ७०० कोरोना सङ्क्रमित ठीक भएर घर फर्किएका छन्। केन्द्रमा ल्याइएको कोरोना सङ्क्रमितमध्ये हालसम्म कसैको पनि निधन नभएको कार्यकारी निर्देशक राम आधार यादवले राससलाई जानकारी दिनुभयो। केन्द्रमा राखिएका सङ्क्रमितलाई बिहान योग, प्राणायामलगायत व्यायाम गराइन्छ। तिनलाई रोग प्रतिरोधी क्षमता बढाउने आयुर्वेदिक औषधि खुवाइन्छ। यहाँ आवश्यक परेको अवस्थामा अक्सिजनको व्यवस्था पनि गरिएको छ। केन्द्रमा २०० जना सङ्क्रमित राख्न सक्ने क्षमता छ।

आयुर्वेद चिकित्सकका रुपमा करिब ४० वर्ष सेवा गर्नुभएका डा शेषराज आचार्य रुघाकै प्रकृतिको रोग भएकाले सम्पर्कबाट सर्ने भएकाले यस्ता रोगमा आयुर्वेद प्रभावकारी हुने बताउनुहुन्छ। रोग प्रतिरोधी क्षमता भएकामा यसले धेरै असर गर्दैन। सङ्क्रमण भएमा सितोपलादि चूर्ण १०० ग्राम, गोदन्दी भष्म १० ग्राम, अभ्रक भष्म १० ग्राम, गुर्जोको धुलो (गिलोय सत्व) ५० ग्राम मिसाएर बिहान, दिउँसो र बेलुका मन तातो पानीसँग खाएमा ठीक हुने उहाँले बताउनभयो।

आयुर्वेद चिया 'इम्युन टी' सेवन गर्ने, सामान्य व्यायाम गर्ने, पानीको बाफ लिने गर्नाले निको हुने उहाँले बताउनुभयो। कोरोनाका क्रममा १०३ देखि १०४ डिग्रीसम्म ज्वरो आएमा महामृत्युञ्जय वा त्रिसुन बटी नामको दुई गोली मन तातो पानीमा घोलेर खाएमा निको हुने हाल पनि चाबहिलमा शेष आयुर्वेद क्लिनिक चलाइरहनुभएका आयुर्वेद विभागका पूर्व महानिर्देशक आचार्यले जानकारी दिनुभयो।

**गुर्जोको निःशुल्क वितरण तीव्र**

राजधानीमा कोरोनाको फैलावटसँगै गुर्जोको बिरुवा, धुलो र चिया निःशुल्क वितरण गर्ने अभियान पनि तीव्र भएको छ। सशस्त्र प्रहरी बल सिनामङ्गलमा २०० बिरुवाका साथै चिया र औषधिको धुलो प्याकेट वितरण गरिएको गुर्जो अभियानकर्मी एवं आन्तरिक राजश्व कार्यालय लाहानका प्रमुख कमलबहादुर राजलवटले राससलाई जानकारी दिनुभयो। पतञ्जलि योग समितिको आयोजनामा काँडाघारी क्षेत्रका स्थानीयवासीलाई ५००, ललितपुर महानगरपालिका-२५ भैँसेपाटी ६००, नेपाल पत्रकार महासङ्घको केन्द्रीय कार्यालय २००, भक्तपुर क्यान्सर अस्पत्ताल ४००, चन्द्रागिरि नगरपालिकालाई २००, महानगरीय प्रहरी वृत्त थानकोट २०० बिरुवा हस्तान्तरण गरिएको छ।

गुर्जोको बिरुवा वितरण गरिएका सबै स्थानमा गुर्जोलगायत जडीबुटीबाट बनेको चिया खुवाउने, चिया तथा धुलो औषधि वितरणसमेत गरिएको छ। वितरण गरिएका स्थानामा कोरोना देखिएका परिवारलाई गुर्जोको विशेष प्याकेटको व्यवस्था गरिएको छ। त्रिभुवन पार्कमा गुर्जो लगाउनसमेत निःशुल्क वितरण अभियानले सहयोग गर्ने भएको छ।

यसैगरी ललितपूर महानगरपालिका-१० को ज्वागलस्थित बराह टोल सुधार समितिलाई २००, बूढानीलकण्ठ नगरपालिकाको वडा नं १० र ११ मा २००, टोखा नगरपालिकालाई ६०० बिरुवा हस्तान्तरण गरिएको अभियानकर्मी राजलवटले बताउनुभएको छ।

गुर्जोबाट बनेको सबै रोगमा उपयोगी हुने धुलो औषधि पनि बिरुवासँगै वितरण गरिएको छ। टोखा नगरपालिकामा मनमोहन मेमोरियल अस्पतालका विभागीय प्रमुख डा श्यामेन्द्रबहादुर सिंहलाई समेत बिरुवा र गुर्जोबाट बनेका औषधि वितरण गरिएको थियो। मेडिकल डाक्टर पनि गुर्जोको चिया तथा धुलो औषधिको नियमित सेवनकर्ता रहेको अभियानकर्मी राजलवटले बताउनुभयो।

# बाध्यकारी श्रमको नकारात्मक प्रभाव र रोजगारदाताको दायित्व बिषयक सम्बाद तथा अन्तरक्रिया सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज।**

बाध्यकारी श्रमको नकारात्मक प्रभाव र रोजगारदाताको दायित्व बिषयक सम्बाद तथा अन्तरक्रिया कार्यक्रम मंगलवार सप्तरीको शम्भुनाथ नगरपालिका ५ मोहनपुर हरकट्टीमा सम्पन्न भएको छ।

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रद्वारा सञ्चालित सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवा चरवाको सशक्तिकरण कार्यक्रम अन्तर्गत मदन आधारभुत विधालय मोहनपुरमा सम्पन्न कार्यक्रममा बक्ताहरूले सरकारबाट तोकिएको पारिश्रमिक श्रमिकहरूले अझै पाउन नसकेको र बाध्यतामा परेर काम गर्नुपर्ने अवस्था रहेको बताएका छन्।




शम्भुनाथ नगरपालिकाको प्रधानमन्त्री स्वरोजगार कार्यक्रम संयोजक श्रवण कुमार यादवले बाध्यात्मक श्रमका कारण समाजमा बिभेद र द्वन्द्व सृजना भईरहेकोले असमान ज्याला र बाध्यकारी श्रमको अन्य गर्न जरूरी रहेको बताउनुभयो। शम्भुनाथ नगरपालिका वडा नम्वर २ का वडाअध्यक्ष दुर्गानन्द भगतले पुरातनबादी सोच र जमिन्दारी प्रथाका कारण अझै हरवा चरवा मुक्त हुन नसकेको बताउनुभयो

कार्यक्रममा बौधीदेवी दलित आधारभुत विधालयका प्रअ गोसाई पासवान, श्रीपुर्राज सामुदायिक विकास केन्द्रका टिम लिडर बिनोदानन्द चौधरी, लगायतले श्रममा हुने बाध्यात्मक अवस्था आउन नदिन रोजगारदाता र सरोकारबालाहरू गम्भीर हुनुपर्नेमा जोड दिए।

श्रीपुर्राज सामुदायिक विकास केन्द्रका अध्यक्ष सुखीलाल चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा रोजगारदाता, श्रमिक, हरवा चरवा तथा संघ संस्थाका प्रतिनिधि लगायतको सहभागिता रहेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सामाजिक परिचालक बिजली रामले जानकारी दिए।

जिल्लामा हरवा चरवाको अवस्था, सरकारले तोकेको पारिश्रमिक श्रमिकले पाईरहेको छ छैन् , श्रम ऐन तथा श्रमिकका हितमा बनेको ऐन कानुन लगायतको बिषयमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रका कार्यक्रम संयोजक शारदा चौधरीले सहजीकरण गरेका थिए।

## विश्व समाचार

# भारतमा दैनिक संक्रमितहरुको संख्यामा कमी

नयाँ दिल्ली, २७ असोज (रासस/पिटीआई)।

भारतमा दैनिक कोरोना सङ्क्रमितहरुको सङ्ख्यामा कमी आएको छ। सरकारी अधिकारीहरुले पछिल्लो समय दैनिक ६० हजारभन्दा कम मात्रै सङ्क्रमित हुने गरेको देखिएको बताएका छन्। केही समय अगाडिसम्म दैनिक ९० हजारभन्दा बढी सङ्क्रमित हुने गरेकोमा अहिले घटेर ६० हजारभन्दा तल पुगेको हो। भारतमा एकैदिनमा सङ्क्रमित भएकाहरुको सङ्ख्यामध्ये सवैभन्दा धेरै गत सेप्टेम्बर १७ का दिन ९७ हजार ८९४ पुगेको थियो।

अहिले भारतमा कुल सङ्क्रमितको सङ्या ७१ लाख ७५ हजार ८८० भन्दा बढी पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्लबार जनाएको छ। पछिल्लो २४ घण्टामा भारतमा कोरोनाका कारण ५५ हजार ३४२ जना सङ्क्रमित भएका छन् भने ७०६ जनाको मृत्यु भएको छ। योसँगै भारतमा कोरोनाका कारण मृत्यु भएकाहरुको कुल सङ्ख्या एक लाख नौ हजार ८५६ पुगेको छ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामा नै रहेकाहरुको कुल सङ्ख्या नौ लाखभन्दा कम भएको निरन्तर पाँच दिन भएको अधिकारीहरुले जनाएका छन्। उनीहरुका अनुसार भारतमा अहिले आठ लाख ३८ हजार ७३९ जना सङ्क्रमित अवस्थामा नै रहेका छन्। भारतमा कुल सङ्क्रमितमध्ये मृत्यु भएकाहरुको दर १.५३ प्रतिशत मात्रै रहेको मन्त्रालयले जनाएको छ।

# ट्रम्प चुनावी सार्वजनिक कार्यक्रममा पुनः सक्रिय, स्वस्थ भइसकेको दाबी

फ्लोरिडा, २७ असोज (रासस/एएनआई)।

झण्डै दुई हप्तापछि अमेरिकी राष्ट्रपति डोनान्ड ट्रम्प चुनावी सार्वजनिक कार्यक्रममा फेरी सहभागी हुन थाल्नुभएको छ।

कोरनोभाइरसबाट सङ्क्रमित भएको पुष्टि भएपछि उहाँ केही दिन अस्पतालमा र केही दिन राष्ट्रपति निवासमा मात्रै रहनुभएको थियो। सार्वजनिक कार्यक्रमहरुमा सहभागी हुनुभएको थिएन। त्यसपछि सोमबार पहिलो पटक उहाँ फ्लोरिडामा आयोजित चुनावी कार्यक्रममा सहभागी हुनुभएको छ।

कार्यक्रममा उहाँ मास्क विना सहभागी हुनुभएको थियो भने भिडमा रहेका अन्य अधिकांश सहभागीहरुले पनि मास्कको प्रयोग गरेका थिएनन्। उहाँले कार्यक्रममा जोडतोडका साथ भाषण गर्दै आफु स्वस्थ भइसकेको र आफुलाई कुनै शारीरिक वा स्वास्थ्यसम्वन्धी समस्या नरहेको दावी गर्नुभएको थियो।

उहाँले प्रतिस्पर्धी जोन बाइडनलाई कट्टर समाजवादीहरूको कठपुतली भएको र सञ्चारमाध्यमलाई पनि पक्षपाती भएको आरोप लगाउनुभएको थियो। उहाँले आगामी चार दिनमा निर्वाचनका बेला कडा टक्कर हुने भनिएका चारवटा राज्यमा भ्रमण गर्ने कार्यक्रम रहेको छ। राष्ट्रपति ट्रम्पलाई ११ दिन अगाडि कोरोनाको लक्षण देखा परेको थियो। गत आइतबार मात्रै उहाँ सङ्क्रमणमुक्त भइसक्नुभएको उहाँका निजी चिकित्सकहरुले बताएका थिए।

# 'विश्वकै सबैभन्दा ठूलो' मध्येको गुलाबी हिरा नोभेम्बर ११ मा रूसबाट विक्री हुने

मस्को, २७ असोज (रासस/एएनआई)।

विश्वको सबैभन्दा ठूलो उज्ज्वल बैजनी (गुलाबी) हिरा बेच्न आगामी नोभेम्बर ११ मा लिलाम प्रक्रियामार्फत् आगामी नोभेम्बर ११ मा बेचिने भएको छ। रूसको सोतेबीको जेनेभा मग्निफिसन्ट ज्वेल्स् र नोबल ज्वेल्स्ले यसबारे सञ्चारमाध्यमलाई स्थानीय समय अनुसार सोमबार जानकारी गराएका हुन्। 'गुलावको आत्मा (द स्प्रिट अफ द रोज)' नाम दिइएको उक्त १४.८३ क्यारेटको हिराको मूल्य दुई करोड ३० लाखदेखि तीन करोड ८० लाख अमेरिकी डलर पर्ने अनुमान गरिएको अमेरिकी पाक्षिक पत्रिका फोर्ब्सले जनाएको छ।

लिलामीका लागि राखिएको उक्त रत्न विश्वभर पाइने अन्य बहुमूल्य धातुको दुई प्रतिशत मात्रै रहेको अनुमान गरिएको छ। "यो बिक्री एलोरोसा र सोथेबीबीच लामो समयसम्मको सम्बन्धको परिणाम हो, यस उत्कृष्ट धातुको बारेमा धेरै महिनासम्म छलफल भएको थियो र छलफलले यसलाई बिक्रीको लागि प्रस्ताव गर्ने उत्तम तरिका भएको निश्कर्ष निकालेको थियो," विशेषज्ञ र सोथेबीको ज्वेलरी विभागका निर्देशक तथा ज्वेल्स बिक्री प्रमुख बेनोइट रिपेलिनलाई उद्धृत गरी अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्।

गोलाकार आकारको उक्त मणि २७.८५ क्यारेटको स्पष्ट गुलाबी डायमण्डले बनेको छ। रूसको उत्तरी पूर्वी साखा गणतन्त्रमा रूसी खनिज कम्पनी अलरोसाको स्वामित्वमा रहेको खानीमा भेटिएको थियो। हीरालाई सेर्गेई डायागिलेभले निर्माण गरेपछि 'द स्पिरिट अफ द रोज' नाम दिइएको थियो भने सन् १९११ को अप्रिल १९ मा पहिलो पटक सार्वजनिक गरिएको थियो।

# अदालत र कर कार्यालयमा प्याडलसहितको हातधुने स्टेशन जडान





**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**

कोरोना संक्रमणको उच्च जोखिम रहेको बेला उच्च अदालत जनकपुर राजविराज इजलास तथा करदाता सेवा कार्यालय राजविराजमा प्याडलसहितको हातधुने स्टेशन जडान गरिएको छ ।

युनिसेफ प्रदेश कार्यालय जनकपुधामको सहयोग तथा सप्तरी सामुदायिक विकास केन्द्र, नेपालको सहजिकरणमा सो प्याडलसहितको हातधुने स्टेशन जडान गरिएको हो ।

उच्च अदालत जनकपुर राजविराज इजलासका मुख्य न्यायाधीश प्रकाश चन्द्र गजुरेल तथा करदाता सेवा कार्यालयका प्रमुखले पनि हातधोएर स्टेशनको उद्घाटन गरेका थिए ।

उच्च अदालत र करदाता सेवा कार्यालयको परिसर भित्र सेवाग्राहीहरूको भिडभाड अत्याधिक रहने हुनाले कोभिड १९ संक्रमणको जोखिम न्युनिकरण तथा विश्व हातधुने दिवसलाई सफलता साथ सम्पन्न गर्ने उद्देश्यले सो स्टेशन जडान गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिए ।

न्यायाधीश शेखर चन्द्र अर्याल, रजिष्टार रामप्रसाद भट्टराई, उच्च बार एशोसिएशन राजविराजका अध्यक्ष रामानन्द साह, जिल्ला बारका अध्यक्ष डोमन साह, उच्च बार एशोसिएशनका पूर्व अध्यक्ष श्याम नारायण साह, पूर्व कोषाध्यक्ष नवीन सिंह, उच्च उदालतका कर्मचारी तथा संस्थाका अध्यक्ष एवं पदाधिकारी, कर्मचारी लगायतको सहभागीता रहेको थियो ।

यसअघि जिल्ला अदालत सप्तरी परिसरमा पनि सो स्टेशन जडान गरिएको थियो ।

# डुमरी शिवथानमा बैकल्पिक कक्षा संचालन



**दैनिक समाचारदाता**
**राजविराज, २७ असोज ।**

कोरोना महामारीका कारण झण्डै ७ महिनादेखी शैक्षिक संस्था बन्द रहेको अबस्थामा स्थानिय निकायहरूले बैकल्पिक समुहगत कक्षा संचालन गरेका छन् ।

सोही अनुसार राजबिराज नगरपालिका वडा नं. १ स्थित राष्ट्रिय आधारभुत बिद्यालय डुमरी शिवथानका बिद्यार्थीहरूका लागि बैकल्पिक कक्षा संचालन गरिएको छ ।

सो स्थानमा रहेको दुई टोल डुमरी र शिवथानका विभिन्न ५ स्थानमा बिधार्थीहरूका लागि कक्षा संचालनमा ल्याइएको बिद्यालयका प्रधानाध्यापक धनिलाल साहले जानकारी दिएका छन ।

असोज १५ गतेदेखि संचालनमा ल्याइएको समुहगत कक्षामा २० देखि २५ जना सम्म बिद्यार्थीहरूलाई राखेर पठनपाठन संचालन गर्दै आएको उनले बताए ।

स्वास्थ्य मन्त्रालय अनुसार समाजिक दुरी कायम गर्दै सबै समुहका बिद्यार्थीलाई माक्स, सेनिटाईजर, साबुन पानीसहित बस्न त्रिपाल समेतको ब्यबस्थापन गरिएको प्रअ साहले बताए ।

सो समूहगत कक्षा संचालनकालागि राजबिराज नगरपालिकाले भदौ ३१ गतेको नगरस्तरिय प्रअको बैठकको निर्णय अनुसार प्रत्येक समुहमा बिद्यालयका एक शिक्षकको जिम्मेवारी दिएर कक्षा संचालनमा ल्याइएको प्रअ साहको भनाई छ ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**सप्तकोशी नगर कार्यपालिकाको कार्यालय, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*